नेपाल सरकार
जलश्रोत तथा ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
(.........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

०७४/७५
पत्र संख्या :-
च.नं.:- ११२८

मितिः .....२०७४/११/२५.....

**विषयः-** बुढीगण्डकी क ज.बि.आ.(१३० मेगावाट) को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री नौलो नेपाल हाइड्रोइलेक्ट्रिक प्रा. लि.
रानीबारी,पानीपोखरी,महाराजगंज, काठमाडौं
फोन नं.: ०१-४४२८२९९

उपरोक्त विषयमा त्यस कम्पनीले बुढीगण्डकी क ज.बि.आ.(१३० मेगावाट)को विद्युत उत्पादन अनुमतिपत्रको लागि दिएको दरखास्त (वि.उ.अनुमतिपत्रको लागि पहिलो दरखास्त मितिः २०७०/०३/१६) उपर कारवाहीको क्रममा विद्युत आयोजनाहरुको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७३ बमोजिम आवश्यक नपुग कागजात तथा विवरणहरु पेश गर्न पर्याप्त समय दिई विभिन्न मितिहरुमा गरी ७(सात) पटकसम्म पत्राचार गरिएको तथा पटक पटक स्पष्टीकरण माग हुँदा समेत माग गरीएबमोजिमका कागजात/विवरणहरु पेश नभएको अवस्थामा "माग गरिएका कागजात/विवरणहरु हालसम्म पूर्ण रूपमा केकति कारणले नबुझाएको हो ? उक्त सम्पूर्ण कागजात/विवरणहरु सात(७) दिनको समयावधीभित्र विभागमा बुझाउन र सोही अवधीभित्र आवश्यक सफाई पेश गर्न तथा सो अवधीभित्र सम्पूर्ण कागजात/विवरणहरु पेश नभएमा वा सफाई/स्पष्टीकरण पेश नभएमा वा चित्तबुझ्दो नभएमा अनुमतिपत्रको दरखास्त रद्द गरिने" भन्ने मिति २०७४/११/०४ को ऊर्जा मन्त्रालय(सचिवस्तर) को निर्णयको जानकारी गराई विभागबाट मिति २०७४/११/०६(च.नं. ११४०)मा पत्राचार गरिएकोमा उक्त अवधीभित्र माग भएका कागजात/विवरणहरु पूर्ण रूपमा पेश नगरेको र पेश भएको स्पष्टीकरण चित्तबुझ्दो नभएकोले उपरोक्त आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त रद्द गरिएको व्यहोरा मिति २०७४/११/२३ को ऊर्जा मन्त्रालय(सचिवस्तरीय) निर्णयानुसार जानकारी गराइन्छ ।

Vijaya
.......................
(विजय शर्मा)
इन्जिनियर

**बोधार्थः**

- श्री जलश्रोत तथा ऊर्जा मन्त्रालय,सिंहदरबार ।
- विद्युत विकास विभाग
  - -आयोजना अध्ययन महाशाखा
  - -योजना महाशाखा
  - -निरीक्षण महाशाखा
- श्री जिल्ला जलश्रोत समिति,गोरखा ।